## सुदूरपश्चिम प्रदेश उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि,२०७६

**प्रस्तावना**: प्रदेशभित्र उपभोक्ता समिति मार्फत संचालन गरिने सार्वजनिक निर्माण सम्बन्धी कार्यलाई मितव्ययी, पारदर्शी, उत्तरदायी, सहभागितामूलक, गुणस्तरयुक्त र प्रभावकारी रुपमा कार्यान्वयन गर्दै वित्तीय अनुशासन कायम गरी दीगो विकासको अवधारणालाई संस्थागत गर्न उपभोक्ता समितिको गठन, परिचालन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकाले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ बमोजिम सुदूरपश्चिम प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "सुदूरपश्चिम प्रदेश उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भएको मितिदेखि प्रदेशभर लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अध्यक्ष" भन्नाले कार्यविधिको दफा ७ बमोजिम गठित उपभोक्ता समितिको अध्यक्षलाई सम्झनु पर्छ ।

(ख) "अन्य योगदान" भन्नाले निर्माण कार्यका लागि आवश्यक पर्ने वस्तु, श्रम र श्रम बराबरको नगद योगदान समेतलाई सम्झनु पर्छ ।

(ग) "आयोजना" भन्नाले प्रदेश मातहतका निकाय वा सो अन्तर्गतको पूर्ण वा आंशिक लागत साझेदारीमा सञ्चालित योजना वा कार्यक्रम वा आयोजना वा परियोजनालाई सम्झनु पर्छ।

(घ) "आयोजना कार्यान्वयन गर्ने निकाय" भन्नाले प्रदेश सरकार अन्तर्गतका सबै मन्त्रालय, निर्देशनालय, कार्यालय, संघीय सरकार, गाउँकार्यपालिका वा नगरकार्यपालिका एंवम् ती निकाय अन्तर्गतका सबै सरकारी कार्यालयलाई सम्झनु पर्छ । सो शब्दले गाउँ वा नगरपालिकाको वडा कार्यालय समेतलाई जनाउँछ ।

(ङ) "उपभोक्ता" भन्नाले आयोजनाबाट प्रत्यक्ष रुपमा लाभान्वित हुने र आयोजना सञ्चालन हुने क्षेत्रभित्र बसोवास गर्ने व्यक्ति समेतलाई सम्झनु पर्छ ।

(च) “उपभोक्ता समिति” भन्नाले स्थानीयस्तरमा आयोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि उपभोक्ताहरुले आफू मध्येबाट गठन गरेको समिति सम्झनु पर्छ ।

(छ) “जनप्रतिनिधि” भन्नाले जनताबाट निर्वाचित प्रतिनिधिलाई सम्झनु पर्छ।

(ज) “ठूला मेसिनरी तथा उपकरण” भन्नाले वातावरणीय प्रभाव मूल्याङ्कन नगरी प्रयोग गर्दा वातावरणमा प्रतिकूल असर पुऱ्याउन सक्ने साथै श्रममूलक प्रविधिलाई विस्थापित गर्ने प्रकृतिका लोडर, डोजर, बुलडोजर, एक्साभेटर, रोलरग्रेडर, ड्रिलर मेसिन, बिटुमिन डिस्ट्रीव्युटर, विटुमिन ब्वाईलर जस्ता मेसिनरी तथा उपकरण सम्झनु पर्छ ।

(झ) “पदाधिकारी” भन्नाले उपभोक्ता समितिका अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षलाई सम्झनु पर्छ।

(ञ) “प्रदेश” भन्नाले सुदूरपश्चिम प्रदेशलाई सम्झनु पर्छ ।

(ट) “वडा” भन्नाले गाउँपालिका, नगरपालिका र उपमहानगरपालिका भित्रका वडालाई सम्झनु पर्छ।

(ठ) “वडा अध्यक्ष” भन्नाले आयोजना सञ्चालन भएको वडाको वडा अध्यक्षलाई सम्झनु पर्छ।

(ड) “सदस्य” भन्नाले उपभोक्ता समितिका सदस्यलाई सम्झनु पर्छ र सो शब्दले उपभोक्ता समितिका पदाधिकारी समेतलाई जनाउँदछ ।

(ढ) “सम्झौता” भन्नाले आयोजना निर्माण, संचालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि आयोजना कार्यान्वयन गर्ने निकाय र उपभोक्ता समिति बीच भएको लिखित करारनामा वा कबुलियतनामालाई सम्झनु पर्छ ।

(ण) “समिति” भन्नाले कार्यविधिको दफा ७ बमोजिम गठित उपभोक्ता समितिलाई सम्झनु पर्छ ।

(त) “बैंक” भन्नाले उपभोक्ता समितिले संचालन गर्ने गरी बैंक वा वित्तीय संस्थामा खोलेको खाता सम्झनु पर्छ ।

## परिच्छेद-२

## उपभोक्ता समिति मार्फत हुने कार्यको प्रकृति र लगानीको हिस्सा

३. **उपभोक्ता समिति मार्फत काम गराउन सकिने** : (१) देहाय बमोजिमको अवस्थामा विकास निर्माण सम्वन्धी कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउन सकिनेछ :-

(क) सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ ले तोकेको रकमको सीमाभित्र रही विकास निर्माणको काम गर्नु परेमा,

(ख) स्थानीय श्रम, सीप तथा श्रोत साधन परिचालन गरी विकास निर्माणको काम गर्न सकिने भएमा,

(ग) स्थानीयस्तरमा निर्माण कार्य गराउँदा मितव्ययीता, गुणस्तरीयता वा दीगोपन अभिवृद्धि हुने भएमा,

(घ) अधिकतम जनसहभागिता जुट्न सक्ने अवस्था भएमा, र

(ङ) आयोजनाको उद्देश्य र लक्ष्य परिपूर्ति हुने भएमा ।

(२) खरिद सम्बन्धी प्रचलित कानूनको सर्वमान्यतामा प्रतिकूल नहुने गरी उपभोक्ता समिति र आयोजना कार्यान्वयन गर्ने निकायले पूर्णरुपमा यो कार्यविधिको पालना गरी प्रदेशभित्र आयोजनाको निर्माण, संचालन र मर्मत सम्भार आदिको काम गर्न सक्नेछ।

४. **उपभोक्ता समितिबाट गर्न नसकिने कार्यहरु** : देहायका आयोजनाको निर्माण, संचालन तथा व्यवस्थापन र मर्मत संभारका कार्य उपभोक्ता समिति मार्फत गराउन सकिने छैनः-

(क) आयोजना कार्यान्वयन गर्ने निकायले प्राविधिक रुपले जटिल हुने भनी तोकेका कार्य,

(ख) आयोजना कार्यान्वयन गर्ने निकायले जटिल किसिमको गुणस्तर परीक्षण गर्नुपर्ने कार्य,

(ग) ठूला मेसिनरी तथा उपकरण प्रयोग गरी गर्नुपर्ने निर्माण कार्य,
तर लागत अनुमान तयार गर्दाको समयमा हेभी मेसिन प्रयोग गर्नु पर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा आयोजना कार्यान्वयन गर्ने निकायबाट सहमति लिई त्यस्तो मेशिन प्रयोग गर्न सकिनेछ ।

(घ) जनसहभागिता जुट्न नसक्ने निर्माण कार्य,

(ङ) निर्माण पश्चात मर्मत संभार उपभोक्ता समिति मार्फत हुन नसक्ने कार्य र,

(च) निर्माण कार्य सम्पन्न भएपछि उपभोक्ता समितिमा योजना हस्तान्तरण गर्न नसक्ने कार्य,

५. **उपभोक्ता समितिको योगदानको हिस्सा** : उपभोक्ता समिति मार्फत आयोजना कार्यान्वयन गर्दा आयोजनाको लागि विनियोजन भएको कन्टिन्जेन्सी बाहेकको रकमको न्यूनतम १० प्रतिशत बरावरको श्रम कार्य वा सो बराबरको अन्य योगदान उपभोक्ता समितिको तर्फबाट उपलब्ध गराउनु पर्नेछ ।

तर, कुनै व्यक्ति वा संस्थाले स्वेच्छिक रुपमा दिएको कुनै पनि किसिमको दानदातव्यलाई उपभोक्ता समितिको योगदानमा गणना गरिने छैन ।

६. **कन्टिन्जेन्सी रकम** : (१) उपभोक्ता समिति मार्फत आयोजना कार्यान्वयन गर्दा विनियोजित रकममा देहाय बमोजिम कन्टिन्जेन्सी रकम कट्टा गर्न सकिनेछः-

(क) तीसलाख रुपैयाँसम्म - ३ प्रतिशत,

(ख) तीसलाख भन्दा बढी पचासलाख रुपैयाँ सम्म - २ प्रतिशत, र

(ग) पचासलाख रुपैयाँ भन्दा बढी -१ प्रतिशत ।

(२) उपदफा (१) बमोजिम कट्टा गरिएको कन्टिन्जेन्सी रकम आयोजनाको काममा वाहेक अन्यत्र खर्च गर्न पाइने छैन ।

## परिच्छेद -३

## उपभोक्ता समितिको गठन र संचालन

७. **उपभोक्ता समितिको गठन सम्बन्धी व्यवस्थाः** (१) उपभोक्ता समिति मार्फत आयोजना कार्यान्वयन गर्दा आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने क्षेत्रका बासिन्दा र समुदायको सहभागितामा देहायको शर्त र प्रक्रिया पूरा गरी सात देखि एघार सदस्यीय उपभोक्ता समितिको गठन गर्न सकिनेछः-

(क) आयोजना कार्यान्वयन गर्ने निकायले आम भेलाका लागि भेला हुने मिति, समय, स्थान र भेलाको विषय खुलाई कम्तीमा ७ (सात) दिन अगावै स्थानीय तहका वडा कार्यालयमा सूचना टाँसी सोको जानकारी सम्बन्धित जिल्ला समन्वय समितिमा पठाउने र उपलब्ध भए सम्म वेभसाइट वा स्थानीयस्तरका पत्रिका वा एफ.एम. रेडियोमा सूचना प्रकाशन गरी सार्वजनिक रुपमा जानकारी गराएको हुनुपर्ने,

तर प्रतिनिधि उपस्थित नभएकै कारणले मात्र समिति गठन गर्न बाधा पर्ने छैन।

(ख) उपभोक्ताहरुको अधिकतम सहभागितामा आम भेला गरी निर्णय गरेको हुनुपर्ने,

(ग) उपभोक्ता भेला गरेको माइन्युट र फोटो वा दृष्य सामग्री संलग्न हुनुपर्ने,

(घ) उपभोक्ता समित गठन गर्दा आयोजना कार्यान्वयन गर्ने निकाय र सम्वन्धित जिल्ला समन्वय समिति वा स्थानीय तह वा वडा कार्यालयको प्रतिनिधिको सहभागिता हुनुपर्ने,

(ङ) अन्य कुनै उपभोक्ता समितिको पदाधिकारी रहेको हुन नहुने,

(च) राज्यकोषवाट तलवभत्ता पाउने गरी नियुक्त भएका शिक्षक, कर्मचारी लगायत अन्य राष्ट्रसेवक हुन नहुने,

(छ) उपभोक्ता समितिमा कुनै पनि तहका जनप्रतिनिधि सदस्य रहन नहुने,

(ज) उपभोक्ता समिति गठन गर्दा कम्तीमा तेत्तीस प्रतिशत महिला सहित समावेशी सिद्धान्तका आधारमा गर्नुपर्ने,

(झ) उपभोक्ता समितिका पदाधिकारी चयन गर्दा सामान्य लेखपढ गर्न सक्नेलाई प्राथमिकता दिनुपर्ने,

(ञ) उपभोक्ता समितिमा अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तीमा एकजना महिला पदाधिकारी अनिवार्य हुनुपर्ने, र

(ट) उपभोक्ता समितिको गठन सकेसम्म सर्वसम्मत तरिकाले गर्ने र सर्वसम्मत हुन नसकेमा उपभोक्ताहरुको बहुमतबाट उपभोक्ता समितिको गठन गर्ने ।

(२) आयोजनाको काम सम्पन्न नभए सम्म उपभोक्ता समिति कायम रहनेछ ।

(३) उपभोक्ताहरुको लागत सहभागितामा सञ्चालन हुने आयोजना उपभोक्ता समितिबाट कार्यान्वयन गर्न प्राथमिकता दिईनेछ।

(४) उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम समिति आफैले गर्नु गराउनु पर्नेछ। अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्थालाई ठेक्कामा दिई गर्न गराउन पाईने छैन।

(५) आयोजना छनौट गर्दा प्रत्यक्ष परिणाम देखिने र भौतिक उपलब्धि मापन गर्न सकिने प्रकारका आयोजना छनौट गर्नुपर्दछ।

(६) आयोजना कार्यान्वयन गर्ने निकायले आयोजना संचालन एवम् कार्यान्वयनमा संलग्न उपभोक्ता समितिको अभिलेख अनुसूची-१ बमोजिमको ढाँचामा व्यवस्थित गर्नु पर्नेछ।

(७) उपभोक्ता समितिबाट गरिने कार्यहरुको चैत्र मसान्तभित्र सम्झौता गरी सक्नु पर्नेछ । चैत्र मसान्त पश्चात सम्झौता गर्नुपर्ने अवस्थामा आयोजना कार्यान्वयन गर्ने निकायले आधार र कारण खुलाई एक तह माथिल्लो निकायबाट अनुमति लिएर मात्र सम्झौता गर्नु पर्नेछ ।

८. **उपभोक्ता समितिका सदस्यको योग्यता** : दफा ७ को उपदफा (१) मा उल्लिखित मान्यतामा प्रतिकूल नहने गरी उपभोक्ता समितिका सदस्यको योग्यता देहाय बमोजिम हुनु पर्नेछः-

(क) आयोजना सञ्चालन तथा कार्यान्वयन हुने क्षेत्रको स्थायी बासिन्दा भएको,

(ख) १८ वर्ष उमेर पूरा भएको,

(ग) फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको,

(घ) सरकारी बाँकी वक्यौता वा पेश्की फछ्यौंट गर्न बाँकी नरहेको,

(ङ) एकै परिवारबाट समितिमा एक भन्दा बढी सदस्य नरहेको,

(च) अन्य उपभोक्ता समितिमा सदस्य नरहेको, र

(छ) प्रचलित कानून अनुसार अयोग्य नठहरिएको ।

९. **उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार** : उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सम्झौता बमोजिमको कार्य तोकिएको समयमा गुणस्तरीय ढंगले सम्पादन गर्ने,

(ख) उपभोक्ताहरुलाई कार्यालयबाट प्राप्त सूचना तथा मार्गदर्शनको जानकारी गराउने,

(ग) सम्झौता बमोजिम कार्य शुरु गर्दा कार्यालयबाट आवश्यक निर्देशन प्राप्त गर्नुपर्ने भए सो प्राप्त गरेर मात्र शुरु गर्ने,

(घ) उपभोक्ता समितिको कार्य सम्पादनलाई प्रभावकारी बनाउन समितिका सदस्यहरुको कार्य क्षमताको आधारमा कार्य विभाजन र जिम्मेबारी बाँडफाँड गर्ने,

(ङ) सम्झौता बमोजिमको कामको परिमाण, गुणस्तर, समय र लागतका बारेमा आम उपभोक्ताहरुलाई जानकारी गराउने,

(च) आयोजना कार्यान्वयनको प्रगति सम्वन्धमा सार्वजनिक सुनुवाई गर्ने, र

(छ) आयोजनाको दीगो व्यवस्थापन सम्बन्धी आवश्यक अन्य कार्य गर्ने ।

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
सुदूरपश्चिम प्रदेश
धनगढी - कैलाली, नेपाल
२०७४

## परिच्छेद -४

## कार्यान्वयन तथा व्यवस्थापन

१०. **आयोजना कार्यान्वयन :** (१) आयोजना कार्यान्वयन गर्ने निकायले आ.व. शुरु भएको १५ दिनभित्र उपभोक्ता समितिबाट संचालन हुने आयोजना, परियोजना र कार्यक्रमहरु पहिचान एवम् छनौट गरी कार्यान्वयन योजना बनाउनु पर्नेछ वा बजेट बाँडफाँड वा अख्तियारी प्राप्त भए पश्चात दफा ७ अनुसार गठन गर्नु पर्नेछ । उपभोक्ता समिति गठन पश्चात आयोजनाको ड्रईङ, डिजाईन र लागत अनुमान तयार र स्वीकृत गरी सम्वन्धित उपभोक्ता समितिलाई उपलब्ध गराउनुपर्नेछ ।

(२) आयोजनाको कार्यान्वयनका लागि उपभोक्ता समिति र आयोजना कार्यान्वयन गर्ने निकायबीच अनुसूची -२ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सम्झौता गर्दा आयोजनाको प्रकृति हेरी आयोजना कार्यान्वयन गर्ने निकायले लागत सहभागिताको ढाँचा र अनुपात (नगद वा श्रम दान वा वस्तुगत) तोक्नु पर्नेछ ।

(४) आयोजना कार्यान्वयन गर्ने निकायले प्रत्येक आयोजनामा जिम्मेवार प्राविधिक कर्मचारी तोक्नुपर्नेछ । निजले आयोजना कार्यान्वयनको अवस्थाको नियमित सुपरीवेक्षण गरी प्रतिवेदन दिनु पर्नेछ।

(५) आयोजना कार्यान्वयन गर्ने निकायले कम्तिमा दुई पटक आयोजना अनुगमन गर्नुपर्ने छ। आयोजना कार्यान्वयनमा ठूला मेसिनरी तथा उपकरण प्रयोग गरिएको पाइएमा वा सम्झौता वा शर्त उल्लङ्घन गरिएको पाइएमा तत्काल उपभोक्ता समितिको बैङ्क खाता रोक्का राख्न सक्नेछ । त्यस्तो अवस्थामा दफा (१४) को उपदफा (११) र (१२) अनुसार कारवाही गरिनेछ ।

११. **आयोजनाको सम्झौताको लागि आवश्यक कागजातहरु :** (१) उपभोक्ता समितिले आयोजना कार्यान्वयन गर्ने निकायसँग सम्झौता गर्दा तपशिलमा उल्लिखित कागजातहरु पेश गर्नुपर्नेछ :-

(क) उपभोक्ता समिति गठन गर्ने सम्वन्धमा भएको आम भेलाको निर्णयको प्रतिलिपी,

(ख) उपभोक्ता समितिका सदस्यहरुको नागरिकताको प्रतिलिपी,

(ग) आयोजनाको लागत अनुमान र योजनाको सक्षिप्त विवरण,

(घ) उपभोक्ता समितिबाट सम्झौताको लागि जिम्मेबार पदाधिकारी तोकिएको उपभोक्ता समितिको निर्णय,

(ङ) आयोजनाको कार्यान्वयनको कार्यतालिका, र

(च) खाता संचालन गर्ने पदाधिकारी तोकिएको निर्णय र खाता संचालनको लागि आवश्यक कागजातहरु ।

१२.  **<u>उपभोक्ता समितिको क्षमता विकास</u>** : (१) आयोजना कार्यान्वयन गर्ने निकायले आयोजनाको कार्यान्वयन अगावै उपभोक्ता समितिका पदाधिकारीहरुलाई निम्न विषयमा अभिमुखिकरण गर्नु पर्नेछः-

(क) उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार,

(ख) सम्पादन गर्नुपर्ने कामको विवरण, काम सम्पन्न गर्नुपर्ने अवधि लागत र उपभोक्ताको योगदान,

(ग) निर्माण सामग्रीको गुणस्तर र परिमाण,

(घ) खरिद, रकम निकासा प्रक्रिया, खर्चको लेखाङ्कन र अभिलेख व्यवस्थापन ,

(ङ) कार्यान्वयन, सुपरिवेक्षण र अनुगमन प्रक्रिया,

(च) सार्वजनिक परीक्षण, योजनाको फरफारक र हस्तान्तरण, र

(छ) अन्य आवश्यक विषयहरु।

१३.  **<u>खाता संचालन</u>** : (१) उपभोक्ता समितिको खाता आयोजना कार्यान्वयन गर्ने निकायले तोकेको बैंक वा वित्तीय संस्थामा संचालन हुनेछ ।

(२) समितिको खाता अध्यक्ष, कोषाध्यक्ष र सचिव गरी ३ जनाको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।खाता संचालकहरु मध्ये कम्तीमा १ जना महिला हुनु पर्नेछ ।

१४.  **<u>भुक्तानी प्रक्रिया</u>** : (१) आयोजनाको भुक्तानी दिँदा उपभोक्ता समितिको नाममा रहेको बैंक खाता मार्फत दिनुपर्ने छ ।उपभोक्ता समितिले व्यक्ति वा संस्थालाई रकम भुक्तानी गर्दा चेक मार्फत मात्र गर्नु पर्नेछ।

(२) उपभोक्ता समितिलाई सम्झौता बमोजिमको कामको प्राविधिक मूल्याङ्कन, कार्य सम्पन्न प्रतिवेदन र अन्य आवश्यक कागजातको आधारमा किस्तागत र अन्तिम भुक्तानी दिईनेछ ।

(३) उपभोक्ता समितिले सम्पादन गरेको काम र भएको खर्चको विवरण समितिको बैंठकबाट निर्णय गरी भुक्तानीको लागि आवश्यक कागजात सहित कार्यालयमा पेश गर्नुपर्नेछ ।

(४) आयोजनाको अन्तिम भुक्तानी हुनुभन्दा अगावै आयोजना कार्यान्वयन गर्ने निकायबाट अनुगमन गर्ने व्यवस्था मिलाउनुपर्नेछ।

(५) आयोजना सम्पन्न भई फरफारक गर्नुभन्दा अगावै उपभोक्ता समितिले अनिवार्य रुपमा आयोजना कार्यान्वयन गर्ने निकाय वा स्थानीय जनप्रतिनिधिहरुको रोहवरमा सार्वजनिक परीक्षण गर्नुपर्ने छ ।सार्वजनिक परीक्षण प्रतिवेदनको ढाँचा अनुसूची - ३ बमोजिम हुनेछ ।

(६) उपभोक्ता समितिले आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना अनुसूची - ४ बमोजिमको ढाँचामा सार्वजनिक गर्नु पर्नेछ ।

(७) आयोजनाको कूल लागत रु. ५ लाख भन्दा बढी भएका आयोजनाहरुको हकमा उपभोक्ता समितिले काम शुरु गर्नुभन्दा अगावै आयोजनाको नाम, लागत साझेदारीको अवस्था, काम शुरु र सम्पन्न

गर्नुपर्ने अवधि समेत देखिने गरी तयार गरिएको अनुसूची -५ बमोजिमको ढाँचामा आयोजना स्थलको सूचना पाटीमा सूचना टाँस गर्नु पर्नेछ ।

(८) उपभोक्ता समितिलाई आयोजना कार्यान्वयन गर्ने निकायले ड्रईङ, डिजाईन, लागत अनुमान तयार गर्ने, प्राविधिक सल्लाह दिने, जाँचपास गर्ने लगायत अन्य प्राविधिक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(९)आयोजना कार्यान्वयनको समयमा कुनै कारणबाट आयोजना कार्यान्वयन गर्ने निकायले प्राविधिक सेवा उपलब्ध गराउन नसकेमा सम्झौतामा उल्लेख गरी तोकिएको खर्चको सीमाभित्र रही उपभोक्ता समितिले करारमा प्राविधिक नियुक्त गर्न वा प्राविधिक सेवा लिन सक्नेछ।

तर ड्रईङ, डिजाईन, लागत अनुमान, कार्यसम्पन्न प्रतिवेदन र भुक्तानी सिफारिसको कार्य आयोजना कार्यान्वयन गर्ने निकायबाट गर्नुपर्नेछ।

(१०) उपभोक्ता समितिबाट निर्माण हुने आयोजनाहरुको गुणस्तर कायम गर्ने गराउने दायित्व र जिम्मेवारी जनप्रतिनिधी, सम्बन्धित प्राविधिक कर्मचारी, उपभोक्ता समिति र अनुगमन समितिको हुनेछ।

(११) तोकिएको समयमा उपभोक्ता समिति गठन हुन नसकेमा, सम्झौता हुन नसकेमा वा सम्झौताको शर्त बमोजिम कार्य सम्पादन हुन नसकेमा आयोजना कार्यान्वयन गर्ने निकायले सम्झौता रद्द गरी अन्य प्रक्रियाद्धारा काम गराउन सक्नेछ।

(१२) उपभोक्ता समितिले आफूले प्राप्त गरेको कुनै रकम दुरुपयोग गरेको पाईएमा सम्बन्धित निकायले सो सम्बन्धमा आवश्यक छानविन गरी त्यस्तो रकम उपभोक्ता समितिका पदाधिकारीहरुबाट दामासाहीले सरकारी बाँकी सरह असुल उपर गर्नु पर्नेछ ।

१५. **पुरस्कृत गर्न सकिनेः** आयोजना कार्यान्वयन तथा सम्पन्न गर्ने सन्दर्भमा अनुकरणीय कार्य गर्ने उपभोक्ता समिति र कर्मचारीलाई आयोजना कार्यान्वयन गर्ने निकायको सिफारिसमा उचित पुरस्कार प्रदान गर्न सकिनेछ।

१६. **निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्नुपर्ने** : (१) उपभोक्ता समितिबाट संचालन हुने आयोजनाको गुणस्तर सुनिश्चित गर्नु सम्बन्धित उपभोक्ता समितिको कर्तव्य हुनेछ । गुणस्तर सुनिश्चतता गर्नको लागि अन्य कुराहरुको अतिरिक्त निम्न विषयहरु पूर्णरुपमा पालना गर्नु पर्नेछ :-

(क) निर्माण सामग्री, ड्रईङ, डिजाईन र स्पेसिफिकेशन बमोजिमको गुणस्तर कायम गर्ने,

(ख) आयोजना कार्यान्वयन गर्ने निकायसँग भएको सम्झौता बमोजिम गर्ने, र

(ग) उपभोक्ता समितिबाट कार्यान्वयन भएको योजनाको दिगोपनाको सुनिश्चितता गर्ने,

(२) उपभोक्ता समिति मार्फत हुने कामको निर्धारित गुणस्तर कायम गर्ने जिम्मेवारी सम्बन्धित कार्यको लागि आयोजना कार्यान्वयन गर्ने निकायबाट खटिएका प्राविधिक कर्मचारी र उपभोक्ता समितिको हुनेछ ।

(३) उपभोक्ता समितिबाट हुने सम्झौता बमोजिमको काम तोकिएको समय र लागतमा गुणस्तरीय ढंगले सम्पन्न हुन नसकेमा सम्बन्धित प्राविधिक कर्मचारीलाई सचेत गराउन र निर्माणको प्रकृति हेरी आवश्यकता अनुसार आयोजना कार्यान्वयन गर्ने निकायले कारबाही गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम कारबाहीमा परेका उपभोक्ता समितिको लगत राखी उपभोक्ता समितिका पदाधिकारीलाई निश्चित समयका लागि अन्य उपभोक्ता समितिमा रही काम गर्न निषेध गर्न सकिनेछ ।

१७. **<u>अनुगमन समितिको व्यवस्था</u> :** (१) आयोजनाको गुणस्तर, परिमाण सुनिश्चित गर्न र तोकिएको समयमा काम सम्पन्न गर्नदफा ७(१) (क) बमोजिमको भेलाबाट कम्तीमा १ जना महिला सहित ३ सदस्यीय एक अनुगमन समिति गठन गर्नुपर्नेछ ।

(२) अनुगमन समितिको काम, कर्तव्य, अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आयोजनाको कार्यान्वयनमा सहजिकरण गर्ने तथा देखिएका बाधा व्यवधान र समस्या समाधानका लागि आवश्यक समन्वय गर्ने,

(ख) आयोजनाको कार्यान्वयन कार्यतालिका अनुसार काम भए नभएको एकिन गर्ने र नगरेको पाईएमा सम्बन्धित पक्षलाई सचेत गराउने, र

(ग) अन्य आवश्यक कार्य गर्ने ।

## परिच्छेद-५
## विविध

१८. **सहजीकरण र सहयोग गर्नुपर्ने** : उपभोक्ता समितिले आयोजना कार्यान्वयन गर्ने निकायबाट खटी आएको अनुगमन तथा निरीक्षण टोली वा कर्मचारी र प्रदेश सरकारको प्रतिनिधिलाई आवश्यक विवरण उपलब्ध गराउन तथा आयोजना स्थल अनुगमनका लागि सहजीकरण र सहयोग गर्नु पर्नेछ।

१९. **उपभोक्ता समितिको दायित्व**: (१) उपभोक्ता समितिले आयोजना कार्यान्वयन गर्ने निकायसँग भएको सम्झौता बमोजिमको कार्यसम्पादन गर्दा आयोजना कार्यान्वयन गर्ने निकायले तोकेका शर्तहरुको अतिरिक्त निम्न दायित्व बहन गर्नुपर्ने छ :-

(क) आयोजनाको दिगो व्यवस्थापनको लागि मर्मत संभार गर्ने,

(ख) आयोजना कार्यान्वयनबाट पर्न सक्ने वातावरणीय प्रभावको सन्तुलन कायम गर्ने,

(ग) अन्य आयोजनाहरुसँग अन्तरसम्बन्ध कायम गर्ने, र

(घ) असल नागरिकको आचरण पालना गर्नुपर्ने,

(२) उपभोक्ता समितिले आयोजनाको फरफारकको लागि आयोजना कार्यान्वयन गर्ने निकायमा कागजात पेश गर्दा अनुसूची-६ बमोजिमको ढाँचामा आयोजनाको भौतिक तथा वित्तीय प्रतिवेदन पेश गर्नु पर्नेछ।

२०. **लागत अनुमान संशोधन** : आयोजनाको शुरु लागतमा नबढ्ने गरी कुनै आईटमहरु वा सोको लागतमा संशोधन गर्नुपर्ने भएमा आयोजना कार्यान्वयन गर्ने निकायबाट संशोधन गरे पश्चात मात्र कार्य गराउनु पर्नेछ । यसरी लागत अनुमान संशोधन नगरी कार्य गरेमा उपभोक्ता समितिनै जिम्मेवार हुनेछ ।

२१. **मापदण्ड बनाउन सक्ने** : (१) आयोजनाको गुणस्तर सुनिश्चितता गर्ने प्रयोजनका लागि आयोजना कार्यान्वयन गर्ने निकायले थप मापदण्ड तथा मार्गदर्शन बनाई लागू गर्न सक्नेछ ।

(२) आयोजना कार्यान्वयन गर्ने निकायले आयोजनाको गुणस्तर सुनिश्चितताको लागि उपभोक्ता समितिलाई सल्लाह, सुझाव र आवश्यकता अनुसार निर्देशन दिने तथा समन्वय गर्नुपर्नेछ।

(३) उपदफा (२) वमोजिम दिएको निर्देशन परिपालना गर्नु सम्वन्धित उपभोक्ता समितिको कर्तव्य हुनेछ ।

२२. **प्रचलित कानून बमोजिम हुने** : (१) यस कार्यविधिमा उल्लेख भएका कुराहरुका हकमा यसै कार्यबिधि बमोजिम र अन्यका हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) यसपूर्व गठन भई तोकिएको कार्य सम्पन्न नभएको अवस्थामा त्यसरी गठन भएको उपभोक्ता समिति यसै कार्यविधि बमोजिम गठन भएको मानिनेछ । त्यस्तो समितिले यो कार्यविधि लागू भएपश्चात् गर्ने बाँकी काम कारवाही यसै कार्यविधि बमोजिम सम्पन्न गर्नुपर्नेछ ।

२३. **<u>संशोधन, थपघट वा खारेजी</u>** : प्रदेश सरकार (मन्त्रिपरिषद्) ले आवश्यकता अनुसार यो कार्यविधिलाई संशोधन, थपघट वा खारेजी गर्न सक्नेछ ।

**अनुसूची - १**

(दफा ७ को उपदफा (५) सँग सम्बन्धित)

**उपभोक्ता समितिको लगत**

........... गाउँ/नगर/उपमहानगर/महानगरपालिका

आ.व.

| क्र.सं | उपभोक्ता समितिको नाम र ठेगाना | पदाधिकारीको नाम र सम्पर्क टेलिफोन नं. | | | | गठन मिति | कूल लागत | बैंकको नाम | खाता नं. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | अध्यक्ष | उपाध्यक्ष | सचिव | कोषाध्यक्ष | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

## अनुसूची - २

(दफा १० को उपदफा (२) सँग सम्बन्धित)

........... गाउँपालिका/ नगरपालिका/ उपमहानगरपालिका

### योजना सम्झौता फाराम

१. **सम्झौता गर्ने पक्ष र आयोजना :**

(क) उपभोक्ता समितिको विवरण :

१. नाम :

२. ठेगाना :

(ख) आयोजनाको विवरण :

१. नाम :

२. आयोजना स्थल :

३. उद्देश्य :

४. आयोजना सुरु हुने मिति :

३. **आयोजनाको लागत सम्बन्धी विवरण :**

(क) लागत अनुमान रु.

(ख) लागत व्यहोर्ने श्रोतहरु :

१. आयोजना कार्यान्वयन गर्ने निकायबाट रु. :

२. उपभोक्ता समितिबाट रु. :

३. अन्य :

(ग) वस्तुगत अनुदानको विवरण सामग्रीको नाम एकाई

१. संघबाट

२. प्रदेशबाट

३. स्थानीय तहबाट

४. गैह्रसरकारी संघ संस्थाबाट

५. विदेशी दातृ संघ संस्थाबाट

६. उपभोक्ता समितिबाट

७. अन्य निकायबाट

(घ) आयोजनाबाट लाभान्वित हुने :

१. घरपरिवार संख्या :

२. जनसंख्या :

३. संगठित संस्था :

४. अन्य :

४. **उपभोक्ता समितिको विवरण :**

क) गठन भएको मिति :

ख) पदाधिकारीको नाम र ठेगाना (नागरिकता प्रमाणपत्र नं. र जिल्ला)

१. अध्यक्ष

२. उपाध्यक्ष

३. कोषाध्यक्ष

४. सचिव

५. सदस्य

६. सदस्य

७. सदस्य

ग) गठन गर्दा उपस्थित लाभान्वितको संख्या :

५. **आयोजना संचालन सम्बन्धी अनुभव :**

६. **उपभोक्ता समितिले प्राप्त गर्ने किस्ता विवरण :**

| किस्ताकोक्रम | मिति | किस्ताकोरकम | किस्ताको सन्चितरकम | निर्माण सामग्रीपरिमाण | कैफियत |
|---|---|---|---|---|---|
| पहिलो | | | | | |
| दोश्रो | | | | | |
| तेश्रो | | | | | |
| जम्मा | | | | | |

७. **आयोजना मर्मत संभार सम्बन्धी व्यवस्था**

क) आयोजना मर्मत संभारको जिम्मा लिने समितिको नाम :

ख) मर्मत सम्भारको सम्भावित श्रोत (छ/छैन खुलाउने)

- ➢ जनश्रमदान :
- ➢ सेवा शुल्क :
- ➢ दस्तुर, चन्दाबाटः
- ➢ अन्य केही भए :

## सम्झौताका शर्तहरु

**लिखितम् पहिलो पक्ष (आयोजना कार्यान्वयन गर्ने निकाय)...........................................रयस पछि दोस्रो पक्ष भनिने.............................................उपभोक्ता समितिबीच देहाय अनुसारका शर्तहरुको अधिना रही निर्माण कार्य गर्न गराउँन दुवै पक्ष मञ्जुर भई यो सम्झौता गरी एक एक प्रति लियौं,दियौं ।**

**१.प्रथम पक्ष ( आयोजना कार्यान्वयन गर्ने निकाय) ले देहायका शर्तहरु पालना गर्नुपर्नेछ :-**

(क) आयोजनाको बजेट, उपभोक्ता समितिको काम, कर्तव्य तथा अधिकार, खरिद, लेखाङ्कन, प्रतिवेदन आदि विषयमा उपभोक्ता समितिका पदाधिकारीहरुलाई अनुशिक्षण कार्यक्रम संचालन गरिनेछ ।

(ख) आयोजनामा आवश्यक प्राविधिक सहयोग आयोजना कार्यान्वयन गर्ने निकायबाट उपलब्ध गराउन सकिने अवस्थामा गराईनेछ र नसकिने अवस्था भएमा उपभोक्ता समितिले बाह्य बजारबाट परामर्श अन्तरगत सेवा लिन सक्नेछ।

(ग) आयोजनाको प्राविधिक सुपरीवेक्षणका लागि कार्यालयको तर्फबाट प्राविधिक खटाइनेछ। उपभोक्ता समितिबाट भएको कामको नियमित सुपरीवेक्षण गर्ने जिम्मेवारी निज प्राविधिकको हुनेछ ।

(घ) पेश्की लिएर तोकिएको समयसम्म आयोजना संचालन नगर्ने उपभोक्ता समितिलाई आयोजना कार्यन्वयन गर्ने निकायले प्रचलित कानून बमोजिम कारवाहीगर्नेछ।

(ङ) श्रममूलक प्रविधिबाट कार्य गराउने गरी लागत अनुमान स्वीकृत गराई सोही बमोजिम सम्झौता गरी मेसिनरी उपकरणको प्रयोगबाट कार्य गरेको पाइएमा त्यस्तो उपभोक्ता समितिसँग सम्झौता रद्ध गरी उपभोक्ता समितिलाई भुक्तानी गरिएको रकम मूल्याङ्कन गरी बढी भएको रकम सरकारी बाँकी सरह असुलउपर गरिनेछ ।

(च) आयोजना सम्पन्न भएपछि आयोजना कार्यान्वयन गर्ने निकायबाट जाँच पास गरी फरफारक गर्नु पर्नेछ ।

(छ) आवश्यक कागजात संलग्न गरी भुक्तानी उपलब्ध गराउन सम्बन्धित उपभोक्ता समितिबाट अनुरोध भई आएपछि उपभोक्ता समितिको बैंक खातामा भुक्तानी दिनुपर्नेछ।

(ज) यसमा उल्लेख नभएका कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

२. दोस्रो पक्ष (उपभोक्ता समिति) ले देहायका शर्तहरु पालना गर्नुपर्नेछ :-

(क) आयोजना मिति ......................... देखि शुरु गरी मिति ............................ सम्ममा पुरा गर्नुपर्नेछ ।

(ख) प्राप्त रकम तथा निर्माण सामग्री सम्बन्धित आयोजनाको उद्देश्यका लागि मात्र प्रयोग गर्नुपर्नेछ ।

(ग) नगदी, जिन्सी सामानको प्राप्ति, खर्च र बाँकी तथा आयोजनाको प्रगति विवरण राख्नुपर्नेछ ।

(घ) आम्दानी खर्चको विवरण र कार्य प्रगतिको जानकारी उपभोक्ता समूहमा छलफल गरी अर्को किस्ता माग गर्नुपर्नेछ ।

(ङ) आयोजनाको कूल लागत भन्दा घटी लागतमा आयोजना सम्पन्न भएको अवस्थामा सो मुताविक नै अनुदान र श्रमदानको प्रतिशत निर्धारण गरी भुक्तानी लिनुपर्नेछ ।

(च) उपभोक्ता समितिले प्राविधिकको राय, परामर्श एवम् निर्देशन अनुरुप काम गर्नुपर्नेछ।

(छ) उपभोक्ता समितिले आयोजनासँग सम्बन्धित बील, भरपाईहरु, डोर हाजिरी फारामहरु, जिन्सी नगदी खाताहरु, निर्णय पुस्तिका आदि कागजातहरु आयोजना कार्यान्वयन गर्ने निकायले मागेको बखत उपलब्ध गराउनु पर्नेछ र त्यसको लेखापरीक्षण पनि गराउनु पर्नेछ ।

(ज) कुनै सामग्री खरिद गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त व्यक्ति वा फर्म संस्था वा कम्पनीबाट खरिद गरी सोही अनुसारको बिल भरपाई आधिकारीक व्यक्तिबाट प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

(झ) मूल्य अभिबृद्धि करलाग्ने वस्तु तथा सेवा खरिद गर्दा अनिवार्य रुपमा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति वा फर्मबाट रअन्य सामग्री खरिदमा स्थायी लेखा नम्बर लिएको व्यक्ति वा फर्मबाट खरिद गर्नु पर्नेछ। मूल्य अभिबृद्धि कर बाहेकको रकममा १.५ प्रतिशत अग्रीम आयकर वापत करकट्टी गरी बाँकी रकम मात्र सम्बन्धित आपूर्तिकर्तालाई भुक्तानी गर्नुपर्नेछ । सो बमोजिम नगरेमा खरिद गर्ने पदाधिकारी स्वयम् जिम्मेवार हुनेछ ।

(ञ) ठुला मेसिनरी तथा उपकरण बाहेक घरजग्गा वा अन्य सामाग्री भाडामा लिई बिल भरपाई पेश भएको अवस्थामा सोको भुक्तानीमा प्रचलित कानून बमोजिम अग्रीम करकट्टी गर्नु पर्नेछ ।

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
सुदूरपश्चिम प्रदेश
धनगढी - कैलाली, नेपाल
२०७४

(ट) उपभोक्ता समितिले काम सम्पन्न गरी सकेपछि बाँकी रहन गएका खप्ने (खर्च भएर नजाने) सामानहरु मर्मत संभार समिति गठन भएको भए सो समितिलाई र सो नभए सम्बन्धित आयोजना कार्यान्वयन गर्ने निकायलाई बुझाउनु पर्नेछ। तर मर्मत समितिलाई बुझाएको सामानको विवरण एक प्रति सम्बन्धित आयोजना कार्यान्वयन गर्ने निकायलाई जानकारीको लागि बुझाउनु पर्नेछ ।

(ठ) सम्झौता बमोजिम आयोजना सम्पन्न भएपछि अन्तिम भुक्तानीको लागि कार्य सम्पन्न प्रतिवेदन,नापी किताब, प्रमाणित बिल भरपाई, योजनाको फोटो, सम्बन्धित उपभोक्ता समितिले आयोजना संचालन गर्दा भएको आय-व्ययको अनुमोदन सहितको निर्णय, उपभोक्ता भेलाबाट भएको सार्वजनिक लेखापरीक्षणको निर्णयको प्रतिलिपि तथा सम्बन्धित कार्यालयको वडा कार्यालयको सिफारिस सहित अन्तिम किस्ता भुक्तानीको लागि निवेदन पेश गर्नु पर्नेछ ।

(ड) आयोजना सम्पन्न भएपछि आयोजना कार्यान्वयन गर्ने निकायबाट जाँचपास गरी फरफारकको प्रमाणपत्र लिनु पर्नेछ। साथै आयोजनाको आवश्यक मर्मत संभारको व्यवस्था सम्बन्धित उपभोक्ताहरुले नै गर्नु पर्नेछ ।

(ढ) उपभोक्ता समितिले आयोजनाको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन अनुसूची -६ को ढाँचामा सम्झौतामा तोकिए बमोजिमआयोजना कार्यान्वयन गर्नेनिकायमा पेश गर्नुपर्नेछ ।

(ण) आयोजनाको दिगो संचालन तथा मर्मत संभारको व्यवस्था गर्नु पर्नेछ ।

(त) आयोजनाको सबै काम उपभोक्ता समितिको निर्णय अनुसार गर्नु गराउनु पर्नेछ ।

माथि उल्लेख भए बमोजिमका शर्तहरु पालना गर्न हामी निम्न पक्षहरु मञ्जुर गर्दछौं ।

<u>प्रथम पक्षको तर्फबाट</u>

दस्तखत : ...........................

नाम थर ............................

पद : ................................

ठेगाना : .............................

सम्पर्क नं. : ..........................

मिति : ................................

कार्यालयको छापः....................

<u>दोस्रो पक्षको तर्फबाट</u>

दस्तखत : ...............................

नाम थर ................................

पद : ...................................

ठेगाना : ...............................

सम्पर्क नं. : ............................

मिति : ...................................

## अनुसूची - ३

(दफा १४ को उपदफा (५) सँग सम्बन्धित)

**सार्वजनिक परीक्षण फारमको ढाँचा**

**पेश गरेको निकाय.................**

**१. आयोजनाको नामः** क) स्थलः

ख) लागत अनुमानः ग) आयोजना शुरु हुने मितिः घ) आयोजना सम्पन्न हुने मितिः

**२. उपभोक्ता समितिको नामः**

क) अध्यक्षको नामः ख) सदस्य संख्याः महिलाः पुरुषः

**३. आम्दानी खर्चको विवरणः**

**क) आम्दानीतर्फ जम्माः**

| आम्दानीको श्रोत (कहाँबाट कति नगद तथा जिन्सी प्राप्त भयो खुलाउने) रकम वा परिमाण | रकम वा परिमाण | कैफियत |
|---|---|---|
| | | |
| | | |

**ख) खर्चतर्फ**

| **खर्चको विवरण** | **दर** | **परिणाम** | **जम्मा** |
|---|---|---|---|
| १. सामग्री (के के सामग्री खरिद भयो?) | | | |
| २. ज्याला (के मा कति भुक्तानी भयो? ) | | | |
| | | | |
| | | | |
| ३. श्रमदान (कति जनाले श्रमदान गरे) | | | |
| | | | |
| | | | |
| ४. व्यवस्थापन खर्च (ढुवानी तथा अन्य खर्च ) | | | |
| | | | |

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
सुदूरपश्चिम प्रदेश
धनगढी - कैलाली, नेपाल
२०७४

**ग) मौज्दात**

| विवरण | रकम वा परिमाण | कैफियत |
|---|---|---|
| १. नगद | | |
| बैंक | | |
| व्यक्तिको जिम्मा | | |
| २. सामग्रीहरु | | |

**घ) भुक्तानी दिन बाँकी**

| **विवरण** | **रकम वा परिणाम** |
|---|---|
| | |

**४. सम्पन्न आयोजनाको लक्ष्य तथा प्रगति विवरण**

| **कामको विवरण** | **लक्ष्य** | **प्रगति** |
|---|---|---|
| | | |

५. आयोजनाले पुगाएको लाभ तथा प्रत्यक्ष रुपमा लाभान्वित जनसंख्या (आयोजना सञ्चालन भएको स्थानका उपभोक्ताहरु) ।

६. आयोजनाले सञ्चालन गर्दा आयोजक संस्थामा कामको जिम्मेवारी बाँडफाँड (कस कसले कस्तो कामको जिम्मेवारी लिएका थिए खुलाउने)

उपस्थितिः

१.

२.

३.

४.

५.

रोहवरः नामथरः　　　　　　　　पदः　　　　　　　　मितिः

*द्रष्टव्यः सार्वजनिक परीक्षण कार्यक्रममा उपस्थित सरोकारवालाहरुको उपस्थिति अनिवार्य रुपमा संलग्न हुनुपर्नेछ।*

**अनुसूची - ४**

(दफा १४ को उपदफा (६) सँग सम्बन्धित)

**<u>खर्च सार्वजनिक सूचना फारम</u>**

मितिः २०   ।   ।

१. आयोजनाको नामः-   २. आयोजना स्थलः-

३. बिनियोजित बजेटः-   ४. आयोजना स्वीकृत भएको आ.व.   ५. आयोजना सम्झौता भएकोमितिः-

६. काम सम्पन्न गर्नु पर्ने मितिः-   ७. काम सम्पन्न भएको मितिः-

८. उपभोक्ता समितिको बैठकले खर्च स्वीकृत गरेको मितिः-

**आम्दानी र खर्चको विवरण**

| आम्दानी | | खर्च | |
|---|---|---|---|
| विवरण | रकम रु | विवरण | रकम |
| प्रथम किस्ता | | ज्याला | |
| दोश्रो किस्ता | | निर्माण सामग्री खरिद | |
| तेश्रो किस्ता | | ढुवानी | |
| जनश्रमदान | | भाडा | |
| वस्तुगत सहायता | | व्यवस्थापन खर्च | |
| लागत सहभागिता | | | |
| | | | |
| | | | |

उपर्युक्तानुसारको आम्दानी तथा खर्च विवरण यथार्थ हो । यसमा सबै आम्दानी तथा खर्चहरु समावेश गरिएको छ ।

साथै उपभोक्ताहरुको प्रत्यक्ष सहभागितामा आयोजना कार्यान्वयन गरिएको छ । यसको एक प्रति वडा कार्यालयमा समेत पेश गरिएको छ ।

......................   ..........................   .....................................

कोषाध्यक्ष   सचिव   अध्यक्ष

## अनुसूची - ५

(दफा १४ को उपदफा (७) सँग सम्वन्धित)

### आयोजना सूचना पाटीको नमूना

१. आयोजनाको नामः

२. आयोजना कार्यान्वयन गर्ने निकायको नामः

३. उपभोक्ता समितिको अध्यक्षको नाम,ठेगाना र सम्पर्क नं :

४. उपभोक्ता समितिको सचिवको नाम, ठेगाना र सम्पर्क नं. :

५.उपभोक्ता समितिको कोषाध्यक्ष नाम, ठेगाना र सम्पर्क नं. :

५. आयोजनाको कूल लागत रकम रुः

    ५.१ आयोजना कार्यान्वयननिकायबाट व्यहोर्ने रुः

    ५.२ जनसहभागिताबाट व्यहोर्ने लागत रुः

    ५.३ आयोजनमा लगानी गर्ने अन्य निकायको नाम र व्यहोर्ने लागत रकम रुः

६. आयोजना सम्झौता मितिः

७. आयोजना सम्पन्न गर्ने मितिः

८. आयोजनाबाट लाभन्वित जनसंख्याः

**अनुसूची - ६**

(दफा १९ को उपदफा (२) सँग सम्वन्धित)

**उपभोक्ता समितिको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन**

**विवरण पेश गरेको निकाय.......................**

१. आयोजनाको विवरण

आयोजनाको नामः वडा नं. टोल/बस्तीः

उपभोक्ता समितिका अध्यक्षः सचिवः

२. आयोजनाको लागतः प्राप्त अनुदान रकम रु. .................... चन्दा रकम रु..............................

जनसहभागिता रकम रु. .............................

३. हालसम्मको खर्च रु. ...................

क. कार्यालयबाट प्राप्त रकम रु. ................

१. निर्माण सामग्रीमा (सिमेन्ट, छड, काठ, ढुंगा वा फुवा, गिट्टी, उपकरण आदि) रु.

२. ज्यालाः- दक्ष रुः- अदक्ष रु. जम्मा रु.

३. मसलन्द सामान (कपि, कलम, मसी, कागज आदि) रु.

४. दैनिक भ्रमण भत्ता (सम्झौतामा स्विकृत भए) रु.

५. प्रविधिक निरिक्षण बापत खर्च (सम्झौतामा स्वीकृत भए) रु.

६. अन्य

ख. जनसहभागिताबाट व्यहोरिएको खर्च रु........................ श्रमको मूल्य बरावर रकम रु. ..................

जिन्सी सामान मूल्य बरावर रकम रु. ...................... कूल जम्मा रु. ....................

४. प्राविधिक प्रतिवेदन बमोजिम मूल्यांकन रकम रु. ...............................

५. उपभोक्ता समूहको निर्णय बमोजिम/समीक्षाबाट खर्च देखिएको रु. .........................

६. कार्यान्वयनमा देखिएका मुख्य समस्याहरुः क. ख. ग.

७. समाधानका उपायहरु

क.

ख.

ग.

८. कार्यालयबाट र अन्य निकायबाट अनुगमन भए अनुगमनको सुझावः

९. हाल माग गरेको किस्ता रकम रु.

१०. मुख्य खर्च प्रयोजन

११. प्राप्त रकम आयोजना बाहेक अन्य कार्यमा खर्च गर्ने गराउने छैनौ ।

| ................... | ................. | ................... | ...................... |
|---|---|---|---|
| तयार गर्ने | सचिव | कोषाध्यक्ष | अध्यक्ष |